औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

पानी विनियमावली, २०८२

(संचालक समितिको मिति २०८२/४/१५को बैठकको निर्णयानुसार स्वीकृति भएको)

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, पानी विनियमावली, २०८२

स्वीकृत मिति
२०८२/०४/१५

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको प्रबन्धपत्रको दफा ४ मा उल्लेखित उद्देश्य हासिल गर्न दफा ५ को (ट) र नियमावलीको नियम १९ को खण्ड (छ) ले दिएको अधिकार प्रयोग गरी कम्पनीको सञ्चालक समितिले यो विनियमावली बनाएको छ ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

(क) यस विनियमावलीको नाम "पानी विनियमावली, २०८२" रहेको छ ।

(ख) यो विनियमावली औद्योगिक क्षेत्र व्यवस्थापन लि. अन्तर्गत संचालित सबै औद्योगिक क्षेत्रहरुमा लागु हुनेछ ।

(ग) यो विनियमावली सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमाः-

(क) "कम्पनी" भन्नाले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड सम्झनु पर्दछ ।

(ख) "कर्मचारी" भन्नाले केन्द्रीय कार्यालय तथा शाखा कार्यालयमा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले औद्योगिक क्षेत्र व्यवस्थापन लि. अन्तर्गत सञ्चालनमा रहेका शाखा कार्यालयहरु सम्झनु पर्दछ ।

(घ) "केन्द्रीय कार्यालय" भन्नाले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको केन्द्रीय कार्यालय सम्झनु पर्दछ ।

(ङ) "खानेपानी लिमिटेड" भन्नाले काठमाडौं उपत्यकका खानेपानी लिमिटेड सम्झनु पर्दछ ।

(च) "खानेपानी संस्थान" भन्नाले नेपाल खानेपानी संस्थान सम्झनु पर्दछ ।

(छ) "वोर्ड" भन्नाले ऐनद्वारा गठित खानेपानी व्यवस्थापन वोर्ड सम्झनु पर्दछ ।

(ज) "ग्राहक" भन्नाले कार्यालयबाट वितरण भएको पानी उपभोग गर्ने उद्योग, आवास, कल कारखाना, संघ संस्था वा कार्यालय सम्झनु पर्दछ ।

(झ) "डिप बोरिङ्ग" भन्नाले जमिनको सतहबाट चालिस मिटर वा सो भन्दा बढी गहिराईका ट्युबवेललाई सम्झनु पर्दछ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस विनियमावली वा समितिबाट तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ट) "पम्प हाउस" भन्नाले बोरिङ्ग वा ईनारबाट पानी तान्ने पम्प र सोसँग सम्वन्धित उपकरणहरु जडान गरिएको घर वा स्थान सम्झनु पर्दछ ।

(ठ) "पानी चोरी" भन्नाले ग्राहक वा अन्य कसैले मिटरमा कुनै साधन वा उपाय वा प्रविधिको प्रयोग गरी पानीको वास्तविक खपत नदेखिने गरी वा मिटर वाइपास गरी वा मिटर नराखि पानी वितरण प्रणाली वा सर्भिस पाईपबाट अनाधिकृत रुपमा पानी उपभोग गर्ने कार्य सम्झनुपर्दछ ।

(ड) "प्राविधिक" भन्नाले केन्द्रीय कार्यालय तथा शाखा कार्यालयका प्राविधिक काम गर्ने कर्मचारी सम्झनु पर्दछ ।

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
२०४५
काठमाडौं, नेपाल

(ढ) "प्लम्बिङ्ग कार्य" भन्नाले पानी उत्पादन देखि ग्राहकको भवन, कम्पाउण्ड, कारखाना वा यस्तै अन्य कुनै ठाउँसम्म पानी वितरणका लागि गरिने सम्पूर्ण कार्य सम्झनु पर्दछ ।

(ण) "फिल्टर हाउस" भन्नाले पानी प्रशोधन गर्ने फिल्टर संयन्त्र र सोसँग सम्वन्धित उपकरणहरु जडित घर वा स्थान सम्झनु पर्दछ ।

(त) "बील" भन्नाले मिटरले देखाएको खपत अङ्कको आधारमा तोकिएको महशुल दर बमोजिम नियमानुसार बुझाउनु पर्ने रकम उल्लेख गरी कार्यालयले ग्राहकलाई दिएको कागजात सम्झनु पर्दछ ।

(थ) "भवन" भन्नाले कुनै पनि घर, कारखाना, उद्योग, औद्योगिक भवन, टहरा वा अन्य कुनै प्रकारको बनोट वा त्यसको कुनै हिस्सा र घर कम्पाउण्डको पर्खाल तथा जमिन माथि वा मुनिको भाग समेत सम्झनु पर्दछ ।

(द) "महशुल" भन्नाले कार्यालयले पानी सेवा उपलव्ध गराए बापत ग्राहकबाट लिइने शुल्क सम्झनु पर्दछ ।

(ध) "मिटर" भन्नाले कार्यालयले ग्राहकको भवन परिसर भित्र पाईपलाईन वा वोरिङ्गमा जडान गरेको पानीको खपत वा उत्पादन मापन गर्ने यन्त्र सम्झनु पर्दछ ।

(न) "मिटर रिडिङ्ग" भन्नाले ग्राहकको भवन परिसर भित्र पाईपलाईनमा जडान भएको मिटरमा देखिएको पानी खपत तथा उत्पादन अङ्क गणना गर्ने कार्य सम्झनु पर्दछ ।

(प) "समिति" भन्नाले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सञ्चालक समिति सम्झनु पर्दछ ।

३. <u>संशोधन र व्याख्या:</u> यस विनियमावलीमा भएका व्यवस्थाहरु समितिले आवश्यकता अनुसार संशोधन वा थपघट गर्न सक्नेछ । विनियमावलीमा कार्यान्वयन गर्ने सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा समितिबाट व्याख्या गरे बमोजिम हुनेछ ।

परिच्छेद २

<u>पाइप लाईन तथा मिटर जडान सम्बन्धी व्यवस्था</u>

४. <u>पाईप लाईन तथा अन्य संरचनाको जाँच:</u> कार्यालयले जग्गा वा भवन वहालमा दिनु पूर्व कार्यालयको सिभिल (निर्माण तथा पानी) शाखाले सो प्रस्तावित जग्गामा भूमिगत पाइपलाईन वा पानीसँग सम्बन्धित अन्य संरचना छ वा छैन जाँच वा एकिन गरी प्राविधिक प्रतिवेदन सहित राय पेस गरेको आधारमा कार्यालयले निर्णय गर्नु पर्नेछ ।

५. <u>धाराको लागि आवेदन दिनु पर्ने:</u> विनियम ४ बमोजिम क्षेत्रभित्र स्थापित उद्योग वा संघ संस्था वा कार्यालयले आवश्यक पर्ने पानीको परिमाण वा धाराको साईज खुलाई अनुसूची (१) बमोजिम कार्यालयमा आवेदन दिनु पर्नेछ । यसरी आवेदन गर्दा प्रतिस्पर्धाका आधारमा छनोट भई नयाँ सम्झौता गर्ने उद्योगको हकमा प्रस्ताव फाराममा उल्लेख भए बमोजिमको परिमाण वा धाराको साईज घटाई माग गर्न पाउने छैन ।

६. <u>स्थलगत अवलोकन तथा जडान स्वीकृति:</u> विनियम ५ बमोजिम कार्यालयमा आवेदन प्राप्त भएपछि माग गर्ने आवेदकलाई पानी आपूर्ति गर्ने सम्वन्धमा प्राविधिक विषयको जाँच गर्न कार्यालयले प्राविधिक कर्मचारी खटाउनेछ। प्राविधिक कर्मचारीले उद्योग वा संघ संस्था वा कार्यालयको स्थलगत अवलोकन गरी सर्भिस पाइपबाट प्रवेश मार्ग, मिटर आदि

ई. पदम ओली
महाप्रबन्धक

जडान गर्ने ठाँउ एकिन गर्नेछ । स्थलगत अवलोकन तथा जाँचको आधारमा पानीको लाइन जडान सम्बन्धी निरीक्षण प्रतिवेदन र त्यसको जडान योजना तयार गरी कार्यालयको सम्बन्धित शाखाले कार्यालयमा पेश गर्नेछ । निरीक्षण प्रतिवेदन र जडान योजनाको आधारमा कार्यालयले जडान स्वीकृतिको निर्णय गरी आवेदकलाई सो को जानकारी गराउनु पर्नेछ ।

७. <u>मिटर र धारा जडान गर्नुपर्नेः</u> (१) पानी माग गर्ने आवेदकले पानी लाईन जडान गर्न सकिने जानकारी प्राप्त गरे पछि धारा जडान गर्न आवश्यक सामानहरु खरिद गरी कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।यस्तो जानकारी प्राप्त भए पश्चात कार्यालयले प्राविधिक कर्मचारी खटाई आवेदकले खरिद गरेको मिटर लगायत धारा जडान सम्बन्धी सामानहरु जाँच गर्नेछ ।यसरी जाँच गर्दा आवेदकले उपलब्ध गराएको मिटर लगायत धारा जडान सम्बन्धी सामानहरु प्राविधिक मापदण्ड अनुसार उपयुक्त रहेको भन्ने प्राविधिक प्रतिवेदन आधारमा मिटर लगाई धारा जडान गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम कार्यालयले धारा जडान गर्दा सामान्यतया एउटा ग्राहकलाई एक भन्दा बढी धारा जडान गरिने छैन ।तर एक मात्र धाराबाट ग्राहकको माग अनुसार पानी आपूर्ति गर्न नसकेमा विनियम १२ बमोजिमको प्रक्रिया पुरा गरी थप धारा जडान गर्न बाधा पर्ने छैन ।

(३) उपविनियम (१) बमोजिम मिटर जडान गर्दा कार्यालयका कर्मचारीले सजिलैसँग मिटर रिडिङ्ग र निरीक्षण गर्न सक्ने गरी प्रष्टरुपमा देखिने ठांउमा मिटर जडान गर्नु पर्नेछ। मिटर जडान गर्दा सकभर ग्राहकको प्रवेशद्वार नजिक हुनुपर्नेछ । मिटर वरिपरि ग्राहकले अनिवार्य रुपमा नियमित सरसफाई गर्नु पर्नेछ ।

८. <u>पानी वितरण तथा जडान खर्च लाग्नेः</u> (१)आपूर्तिका लागि बिछ्याईएका मुख्य तथा सहायक पाइपलाईनबाट ग्राहकलाई पानी वितरण गरिनेछ। ग्राहकलाई पानी वितरण गर्दा मुख्य तथा सहायक पाईप लाईन देखि पछाडी धारा जडान हुने स्थानसम्म लाग्ने सम्पूर्ण खर्च (खन्ने पुर्ने, फिटिङ्स सामान, पाईप, मिटर, आदि) ग्राहक स्वंयले व्यहोर्नु पर्नेछ ।

(२) उप विनियम (१) बमोजिम मुख्य तथा सहायक पाइपलाईनबाट ग्राहकको माग अनुसारको आपूर्ति गर्न नसकिने विशेष परिस्थितिमा केन्द्रीय कार्यालयको स्वीकृति लिई छुट्टै (डेडिकेटेट) पाईप लाईन मार्फत ग्राहकलाई पानी वितरण गर्न बाधा पर्ने छैन ।

(३) उपविनियम (२) बमोजिम पानी वितरण गर्नु परेमा पाईपलाईन सहित धारा जडान हुने स्थानसम्म लाग्ने सम्पूर्ण खर्च (खन्ने पुर्ने, फिटिङ्स सामान, पाईप, मिटर, आदि) ग्राहक स्वंयले व्यहोर्नु पर्नेछ ।

(४) उप विनियम (२) बमोजिम छुट्टै (डेडिकेट) पाईप लाईन मार्फत ग्राहकलाई पानी वितरण गर्दा कार्यालयले भौतिक संरचनामा असर नपर्ने गरी युटिलिटि सेवाको लागि छुट्याईएको स्थान मात्र उपयोग हुने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

९. <u>धारा जडान गर्न पूर्व नक्सा स्वीकृत गराउनु पर्नेः</u> नयाँ जग्गा बहाल सम्झौता गरी स्थापना हुने उद्योगको हकमा पाईपलाईन वा मिटर वा धारा जडान गर्नु पुर्व सो उद्योगले बनाउने भौतिक संरचनाको लिमिटेडले तोकेको प्राविधिक मापदण्ड बमोजिम अनिवार्य रुपमा नक्सा स्वीकृत गराउनु पर्नेछ ।

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
काठमाडौं, नेपाल

परिच्छेद ३

पाईप लाईन मर्मत तथा अन्य सेवा सम्बन्धी व्यवस्था

१०. मर्मत सेवा उपलब्ध गराउनेः (१) पानी वितरण प्रणालीमा कुनै समस्या भई पानी नआएमा र पाईपलाईन वा मिटर वा धारा बिग्रेमा कार्यालयले ग्राहकले दिएको अनूसुची-२ बमोजिम आवेदनको आधारमा मर्मत सेवा उपलव्ध गराउनेछ ।

(२) उपविनियम (१) बमोजिम पाईपलाईन वा धारा वा मिटर जडान तथा मर्मत सेवा उपलब्ध गराउदा ग्राहकको मिटर भएको स्थानसम्म मर्मत सेवा उपलव्ध गराउने दायित्व कार्यालयको हुनेछ ।

(३) ग्राहकको मिटर भन्दा पछाडी मर्मत गर्नु पर्ने भएमा सोको जिम्मेवारी ग्राहकको हुनेछ ।

११. होल चेन्ज वा ठाउँसारी गर्नेः कुनै ग्राहकले धाराको होल चेन्ज वा ठाउँसारी गर्नुपरेमा अनूसुची-२ बमोजिम आवेदनको आधारमा तोकिएको शुल्क लिई कार्यालयले होल चेन्ज वा ठाउँसारी सेवा उपलब्ध गराउनु पर्नेछ ।

१२. थप पाईप लाईन र धारा माग गर्न सक्नेः (१) ग्राहकलाई पानी आपूर्ति गरिएको पानी नपुग भएमा कार्यालयमा निवेदन पेस गरी थप पाइप लाईन, मिटर र धारा माग गर्न सक्नेछ ।

(२)उपविनियम (१) बमोजिमको निवेदन प्राप्त भए पछि कार्यालयले प्राविधिक कर्मचारी खटाई थप धारा उपलब्ध गराउन सकिने वा नसकिने र प्राविधिक दृष्टिकोणबाट उपयुक्त भए नभएको एकिन गरी उपलब्ध गराउन सकिने र उपयुक्त भएमा पुरानो धारा हटाई प्राविधिक हिसाबले सम्भव भए सम्म पुरानो धाराको साइज भन्दा बढी व्यास भएको नयाँ धारा जडान गर्न सकिनेछ ।

(३)पुरानो धाराको साइज भन्दा ठूलो साईजको धाराको वितरण लाइन उपलब्ध नभएको खण्डमा सो भन्दा सानो साइजको एक भन्दा बढी धारा जडान गर्न सकिने छ । तर महशुल निर्धारण गर्दा जडान गरिएका धाराको साइजको आधारमा Cross-Sectional Area लाई जडान गरिएका धाराको संख्याले गुणन गरी Total Cross-Sectional Area निकाल्ने र त्यो धारा भन्दा बढी व्यास भएको धाराको Cross-Sectional Area संग तुलना गरी Total Cross-Sectional Area भन्दा बराबर वा सानो Cross-Sectional Area भएको ठूलो साइजको धारालाई आधार मानी महशुल निर्धारण गर्नु पर्नेछ ।

(४) एक भन्दा बढी धारा जडान गर्नु पर्दा धाराको साईज गणना गर्ने विधि अनूसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

१३. धाराको साईज घटाउन नपाईनेः यस विनियमावलीमा जुनसुकै कुरा उल्लेख भएको भएता पनि प्रतिस्पर्धाका आधारमा छनोट भई नयाँ सम्झौता गर्ने उद्योगको हकमा जग्गा तथा भवन बहालमा लिने सम्वन्धी प्रस्ताव अनुसार धारा जडान भएको मितिले दुई वर्षसम्म धाराको साईज घटाउन पाईने छैन । तर निर्माण अवधिको लागि प्रस्तावमा उल्लेख भए भन्दा फरक पर्ने गरी उद्योगको माग बमोजिम अस्थायी रुपमा धारा जडान गर्न बाधा पर्ने छैन ।

१४. धारा जडान गर्न पूर्व नक्सा स्वीकृत गराउनु पर्नेः नयाँ जग्गा बहाल सम्झौता गरी स्थापना हुने उद्योगको हकमा पाईपलाईन धारा जडान गर्नु पुर्व सो उद्योगले बनाउने भौतिक संरचना लिमिटेडले तोकेको प्राविधिक मापदण्ड बमोजिम अनिवार्य रुपमा नक्सा स्वीकृत गराउनु पर्नेछ ।

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
२०४५
काठमाडौं, नेपाल

परिच्छेद-४

मिटर जाँच तथा रिडिङ्ग सम्बन्धी व्यवस्था

१५. मिटर जाँच तथा रिडिङ्गः (१) कार्यालयले तोकिएको मितिमा ग्राहकको भवन परिसरमा जडान भएको पानी खपत युनिट देखाउने मिटर अनिवार्य र नियमित रुपमा रिडिङ्ग गर्नेछ ।

(२) कार्यालयले आवश्यकता अनुसार ग्राहकको मिटर, मिटरको कनेक्सन, मिटरले देखाएको अङ्क आदिको नियमित निरीक्षण गर्न सक्नेछ । निरीक्षण गर्दा अनुसुची -६ अनुसारको निरीक्षण फाराम प्रयोग गर्नु पर्नेछ । मिटर झिकि लानु परेमा पनि अनूसूची-७ बमोजिमको फाराम प्रयोग गर्नु पर्नेछ ।

१६. मिटर विग्रेमा जानकारी गराउनु पर्नेः कुनै ग्राहकको धाराको मिटर विग्रेमा वा सही खपत अङ्क नदेखाएको शंङ्का लागेमा ग्राहकले यथाशिघ्र कार्यालयमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी प्राप्त भए पछि तत्काल कार्यालयले प्राविधिक कर्मचारी खटाई मिटर ठिक वा दुरुस्त भए नभएको एकिन गरी सो को जानकारी ग्राहकलाई दिनु पर्नेछ । ग्राहकले साविकको मिटर बिग्री नयाँ मिटर जडान गर्नु परेमा अनूसूची-४ बमोजिम निवेदन दिनु पर्नेछ ।

परिच्छेद-५

महशुल, जरिवाना र अन्य व्यवस्था

१७. महशुल तथा शुल्क लाग्नेः (१) कार्यालयले ग्राहकको भवन परिसरमा पानीको धारा र मिटर जडान गरेको मिति देखि अनुसूची-५ मा तोकिए बमोजिमको महशुल तथा शुल्क लाग्नेछ। समितिले महशुल तथा शुल्क समय समयमा पुनरावलोकन गरी लागु गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम ग्राहकले पानी खपत गरेको युनिट र तोकिएको महशुलदर अनुसार हुन आउने रकम तोकिएको मितिमा ग्राहकलाई अनुसूची -९ बमोजिमको वील गरिनेछ ।

(३) ग्राहकको मिटर बिग्री वा सहि खपत अङ्क नदेखाएको कारण खपत युनिट किटान गर्न नसकेमा पछिल्लो ६ महिनामा भएको खपतको औसत निकाली त्यसको आधारमा खपत युनिट हिसाब निकालिने छ र सोही आधारमा महशुल चार्ज गरिनेछ ।

(४) वील अनुसार महशुल तथा नियमानुसार अन्य शुल्क बुझाउनु प्रत्येक ग्राहकको दायित्व हुनेछ ।

१८. छुट वील गरिनेः कार्यालयले ग्राहकलाई कुनै कारणवश वील गर्न छुट भएमा सोको जानकारी भए पश्चात तत्काल छुटेको महशुल थप बील गरिनेछ ।यसरी बील गरिएकोमा ग्राहकले वील प्राप्त गरेको मितिले अनुसूची-५ अनुसार तोकिएको अवधि भित्र बील गरिएको रकम बुझाउनु पर्नेछ ।

१९. त्रुटी सच्याउन सकिनेः कार्यालयले ग्राहकलाई गरेको वीलमा कुनै त्रुटी भएमा सोको जानकारी भए पश्चात तत्काल त्रुटी सच्चाई वील गर्नु पर्नेछ ।

२०. आवास गृह तथा संघ संस्थामा छुट पाउनेः कम्पनीमा कार्यरत कर्मचारीहरुको लागि निर्माण भएका आवास गृहहरु तथा संघ संस्थामा भएको पानी खपतमा अनुसुची- ८ मा उल्लेख भए बमोजिम युनिट छुट उपलब्ध हुनेछ।

ई. पदम ओली
महाप्रबन्धक

२१. छुट तथा विलम्व दस्तुरः विनियम १७ बमोजिमको महशुल तथा शुल्कमा तोकिएको अवधिभित्र बुझाउदा पाईने छुट र विलम्व गरी बुझाउदा लाग्ने विलम्व दस्तुर तथा अन्य शुल्कहरु अनुसूची- ५ अनुसारको दरले हुन आउने रकममा अनूसुची-९ अनुसार हुनेछ ।

२२. चोरी गरी वा अनधिकृत रुपमा पानी उपभोग गर्न नपाईनेः(१) कुनै पनि ग्राहकले पानी चोरी गरी वा अनधिकृत रुपमा पाईपलाईन जडान गरी पानी उपभोग गर्न पाउने छैन ।

(२) कुनै ग्राहकले पानी चोरी गरेको वा अनधिकृत रुपमा पाईप लाईन जडान गरी पानी उपभोग गरेको फेला परेमा त्यस किसिमको चोरीबाट भएको हानी नोक्सानी वापत ग्राहकको पछिल्लो ६ महिनामा भएको खपतको औसत निकाली त्यसलाई बिगो कायम गरिनेछ। सो बिगोका अतिरिक्त बिगो बराबर शत प्रतिशत जरिवाना गरिनेछ ।साथै सो ग्राहकको लाइन समेत काट्न सकिनेछ ।

परिच्छेद-६
विविध

२३.डिप बोरिङ्ग निर्माण सम्वन्धी व्यवस्थाः (१) औद्योगिक क्षेत्र भित्र सञ्चालित उद्योगलाई कार्यालयले पानी वितरण गर्ने हुँदा कार्यालयको स्वामित्वमा रहेको जग्गामा उद्योगले आफूखुसी डिप बोरिङ्ग निर्माण गर्न पाईने छैन ।

(२) उपविनियम (१) बमोजिम उद्योगलाई आवश्यक पर्ने पानीको परिमाण कार्यालयले उपलब्ध गराउन नसक्ने भएमा वा कार्यालयको पानी आपूर्ति सेवा उपलब्ध नभएको औद्योगिक क्षेत्र वा कुनै निश्चित प्लटमा उद्योगको आफ्नै खर्चमा केन्द्रीय कार्यालयबाट महाप्रवन्धकले सर्त सहित डीप बोरिङ्ग निर्माण गर्न पुर्व सहमति दिन सक्नेछ ।

(३) उपविनियम (२) बमोजिम कुनै उद्योगले पूर्व सहमति नलिई डिप बोरिङ्ग निर्माण गरेमा त्यस्तो उद्योगको डिप बोरिङ्गमा कार्यालयले मिटर जडान गरी सत प्रतिशत महशुल वील चार्ज गर्नेछ ।

(४) उप-विनियम (२) बमोजिम केन्द्रीय कार्यालयको पूर्व सहमति लिई निर्माण गरेको बोरिङ्गमा कार्यालयले मिटर जडान गर्नेछ ।उद्योगको बोरिङ्गमा जडान भएको मिटरले देखाएको पानी उत्पादन युनिटमा मिटर जडान भएको मितिदेखि पहिलो ७ वर्षसम्म नियमानुसार ५० प्रतिशत र सो पश्चात सत प्रतिशत वील चार्ज गरिनेछ।

(५) यो विनियमावली प्रारम्भ हुनु अगाडी सहमति नलिई निर्माण गरेका डिप वोरिङ्गलाई कार्यालयमा अभिलेखिकरण गर्न ३ महिनाको समय उपलब्ध गराईनेछ। उक्त अवधि भित्र अभिलेखिकरण हुन आउने उद्योगको वोरिङ्गबाट हुने पानी उत्पादन युनिटमा मिटर जडान गरेको मितिदेखि उपविनियम (४) बमोजिम हुने रकम महशुल वा शुल्क लाग्ने गरी मिटर जडान गरी वील चार्ज गरिनेछ ।

(६) उपविनियम (५) बमोजिम अभिलेखिकरण हुन नआउने उद्योगको वोरिङ्गबाट हुने पानी उत्पादन युनिटमा उपविनियम (३)बमोजिम सतप्रतिशत महशुल वा शुल्क लाग्ने गरी मिटर जडान गरिनेछ ।

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
काठमाडौं, नेपाल

(७) उपविनियम (६) बमोजिम कुनै कारणले उद्योगले सहमति नलिई निर्माण गरेको वोरिङ्गमा मिटर जडान हुन नसकेमा कार्यालयले बोरिङ्गबाट हुने पानी उत्पादनको अनुमान गरी विल चार्ज गर्न वा उद्योगलाई उपलब्ध गराई आएको सेवा सुविधा रोक्का गर्न सक्नेछ ।

(८) यस विनियम बमोजिम मिटर जडान हुने उद्योगको बोरिङ्ग संचालन गर्नका लागि प्रयोग हुने विद्युत लाईनमा कार्यालयले छुट्टै विद्युत मिटर जडान गरी पम्प/मोटरले खपत गर्ने विद्युत युनिटको महसुल उद्योगले बुझाउनु पर्ने विद्युत महशुलमा घटाई समायोजन गर्नेछ ।

(९) यस विनियम बमोजिम डिप बोरिङ्गमा मिटर जडान भएको ३० दिन भित्र शाखा कार्यालयले केन्द्रीय कार्यालयमा जानकारी गराउँनु पर्नेछ र सोको विवरण समितिमा पेस गर्नु पर्नेछ ।

२४. <u>उद्योगले वोरिङ्ग विक्री गर्न चाहेमा खरिद गर्न सक्नेः</u> विनियम २३ को उपविनियम (५) र (६) बमोजिम उद्योगले निर्माण गरेको बोरिङ्गमा मिटर जडान नगरी विक्री गर्न चाहेमा संचालक समितिको स्वीकृतिमा नियमानुसार मूल्याङ्कन गरी हुन आउने मूल्यमा कार्यालयले खरिद गर्न सक्नेछ ।

२५. <u>स्वामित्व र नियन्त्रणः</u> औद्योगिक क्षेत्रको मुख्य तथा सहायक पाइपलाईन देखि ग्राहकको मिटर जडान भएको पाइप लाईन र मिटरको स्वामित्व र नियन्त्रण कार्यालयको हुनेछ ।

२६. <u>बाधा अड्काउ फुकाउः</u> यस विनियमावलीमा उल्लेख भएको कुनै कुरा प्रचलित कानून वा कम्पनीको अन्य विनियमावलीसँग बाझिएमा प्रचलित कानून वा सम्वन्धित विनियमावली बमोजिम नै हुनेछ । विनियमावली कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ पर्न आएमा बाधा अड्काउ फुकाउ गर्ने अधिकार समितिमा निहित रहनेछ ।

२७. <u>खारेजी र बचाऊः</u> यो विनियमवली लागु हुनुभन्दा पूर्व भए गरेको निर्णय र कार्य यसै विनियम बमोजिम भए गरेको मानिनेछ ।

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
काठमाडौं, नेपाल

अनूसुची-१

(विनियम ५ सँग सम्बन्धित)

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

पानी लाईन जडान आवेदन फाराम

श्री औद्योगिक क्षेत्र व्यवस्थापन लि.

शाखा कार्यालय,............ औद्योगिक क्षेत्र

.... ।

म/हामीलाई तल लेखिए बमोजिम पानी आवश्यक भएकोले पानी आपूर्ति गरिदिन हुन आवेदन गर्दछु/गर्दछौं । आपूर्ति गरिएको पानीको लागि समय-समयमा लागु हुने महशुल दरअनुसार महशुल तिर्न र प्रचलित ऐन/विनियम र विनियम तथा पानी सेवा सम्वन्धी शर्तहरु पालना गर्न स्वीकार गर्दछु/गर्दछौं ।

ग्राहकको नामः

ठेगानाः

प्लट नं.

जग्गाको क्षेत्रफलः

नक्सा पास नं.

मितिः

चार किल्लाको विवरणः

पूर्वः

उत्तरः

पश्चिमः

दक्षिणः

टेलिफोन नं.:

मोवाईल नं.:

पानी आवश्यकताको कारणः

निर्माण र औद्योगिक र अन्य

पानीको दैनिक मागः लिटर

(माग गरेको पानीको मिटर साईज (कुन आकारको आवश्यकता हो तल उल्लेख भएकोमा घेरा लगाउनु होस्)

१/२", ३/४", १", १ १/२", २", ३", ४"

उक्त ठाँउमा पहिले जडान भै रहेको भए

नजिकको धाराको

नामः

धाराको प्रकारः

अस्थाई र स्थायीः

ग्राहकको सहीः

स्वीकृत गर्नेः

मितिः

मितिः

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
२०४५
काठमाडौं, नेपाल

अनूसुची-२

(विनियम १० र ११ सँग सम्बन्धित)

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

धारा होलचेन्ज/मर्मत/वरपर सार्ने आवेदन फारम

श्री औद्योगिक क्षेत्र व्यवस्थापन लि.

शाखा कार्यालय,............ औद्योगिक क्षेत्र

.... ।

विषयः धारा होलचेन्ज/मर्मत/वरपर सार्ने बारे ।

हाम्रो/मेरो ....उद्योगको .... ईन्च धारामा पानी नआएको हुदाँ जडित धाराको पानी अपुग भएको हुँदा कम्पनीको विनियम अनुसार लाग्ने महशुल तथा दस्तुर लिई धारा होलचेन्ज/मर्मत/वरपर सारी पानी आउने व्यवस्था मिलाई दिनहुन अनुरोध छ ।

निवेदक

महशुल भुक्तानी भएको विवरणः

....

सम्मको महशुल भुक्तानी भएको देखिन्छ ।

सही........................

नाम...................... ....

सही...................

नाम.......................

ठेगाना ....

मितिः

प्राविधिक प्रतिवेदन

....

....

निर्माण तथा पानी शाखा

नाप जाँच गरि पेश गर्ने

संलग्न नाप नक्सा अनुसार

साविक...................ईञ्चको पाईप बाट हाल ...... ईन्च पाईपमा होल चेन्ज गर्न स्वीकृत गरिएको छ ।

....

पेश गर्ने

मितिः

ई. पदम ओली
महाप्रबन्धक

....

स्वीकृत गर्ने

मितिः

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
काठमाडौं, नेपाल

अनूसुची-३

(विनियम १२सँग सम्बन्धित)

एक भन्दा बढी धारा जडान गर्नु पर्दा धाराको साईज गणना गर्ने विधि

(१) १ भन्दा बढी धारा जडान गरेको खण्डमा एउटा ठुलो व्यास भएको धाराको साइज निकाल्ने उदाहरण निम्न बमोजिम गर्न सकिनेछ ।

उदाहरण:

Cross-Sectional Area of Pipe = $0.25\pi D^2$

Cross-Sectional area of 1/2" Pipe = 0.196 $inch^2$

Cross-Sectional area of 3/4" Pipe = 0.442 $inch^2$

Cross-Sectional area of 1" Pipe = 0.785 $inch^2$

Cross-Sectional area of 1.5" Pipe = 1.767 $inch^2$

Cross-Sectional area of 2" Pipe = 3.142 $inch^2$

Cross-Sectional area of 3" Pipe =7.068 $inch^2$

यदि २ वटा १/२"का धारा जडान भएमा

Total Cross-Sectional Area = 2x0.196= 0.392 $inch^2$

So, 0.196 $inch^2$ < 0.392 $inch^2$

त्यसैले 0.196 $inch^2$ Cross-Sectional area भएको अर्थात् १/२" साइजको पाइप को महसुल निर्धारण गर्ने।

यदि ३ बटा १/२" का धारा जडान भएमा

Total Cross-Sectional Area= 3x0.196 = 0.588 $inch^2$

0.442 $inch^2$ <0.588 $inch^2$

त्यसैले 0.442 $inch^2$ Cross-Sectional area भएको अर्थात् ३/४" साइजको पाइप को महसुल निर्धारण गर्ने ।

यदि ४ वटा १/२" धारा जडान भएमा

Total Cross-Sectional Area= 4 x 0.196 = 0.785 $inch^2$

0.785 $inch^2$ = 0.785 $inch^2$

त्यसैले 0.785 $inch^2$ Cross- Sectional area भएको अर्थात् १" साइजको पाइपको महसुल निर्धारण गर्ने।

यदि २ वटा १.५" का धारा जडान भएमा :

Total Cross-Sectional Area= 2 x 1.767=3.534 $inch^2$

3.142 $inch^2$ < 3.534 $inch^2$

त्यसैले 3.142 $inch^2$ Cross-Sectional area भएको अर्थात् २" साइजको पाइपको महसुल निर्धारण गर्ने।

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
काठमाडौं, नेपाल

अनुसूची-४

(विनियम १६ सँग सम्वन्धित)

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

मिटर जडान निवेदन

श्री औद्योगिक क्षेत्र व्यवस्थापन लि.

शाखा कार्यालय,

.... औद्योगिक क्षेत्र

.... ।

विषयः मिटर जडान गरी पाउँ ।

मेरो/हाम्रो पुरानो धारामा मिटर जडान गर्नु पर्ने भएकोले कार्यालयको नियमानुसार मिटर जडान गरि दिनु हुन अनुरोध छ ।

पहिला मिटर जडान भएको भए:

....

....

............सम्मको महशुल प्रास भयो ।

मिटर मुल्य वापत रु.................प्रास भयो ।

मिटर जडान गर्न सिफारिस गर्नेः

मिटर जडान गर्ने कर्मचारीको नामः

पदः

मिटर जडान मितिः

मिटर अंकः

निवेदक

ग्राहकको नामः

ठेगानाः

ग्राहकको छाप :

ग्राहकको सही :

फोन नं.:

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
२०४५
काठमाडौं, नेपाल

अनूसूची -५

(विनियम १७,१८ र २१ सँग सम्वन्धित)

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
पानी महशुल दर र सेवा शुल्क, २०८२

औद्योगिक क्षेत्रहरुमा पानी वितरण भएका ग्राहकहरुलाई निम्न बमोजिम पानी महशुल दर तथा शुल्क लगाईएको छ ।

१) औद्योगिक क्षेत्रहरु

क)शाखा कार्यालय, बालाजु औद्योगिक क्षेत्र:

सि.नं.	धाराको साईज (इन्चमा)	न्युनतम उपभोग युनिट	न्युनतम मासिक महशुल रु.	थप खपत महशुल प्रति हजार लिटर	कैफियत
१	१/२"	१०	१००।००	३२।००	
२	३/४"	२७	१,९१०।००	७१।००	
३	१"	५६	३,९६०।००	७१।००	
४	१ १/२"	१५५	१०,९५०।००	७१।००	
५	२"	३२०	२२,६००।००	७१।००	
६	३"	८८१	६२,२४०।००	७१।००	
७	४"	१८१०	१,२७,८६५।००	७१।००	

ख) शाखा कार्यालय, हेटौंडा औद्योगिक क्षेत्र:

सि.नं.	धाराको साईज (इन्चमा)	न्युनतम उपभोग युनिट	न्युनतम मासिक महशुल रु.	थप खपत महशुल प्रति हजार लिटर	कैफियत
१	१/२"	१०	८५।००	२५।००	
२	३/४"	२७	१५००।००	४०।००	
३	१"	४०	२०२०।००	४०।००	
४	१ १/२"	१५५	१०,२३०।००	४०।००	
५	२"	३२०	२१,६००।००	४०।००	
६	३"	८८१	४९५००।००	४०।००	
७	४"	१८१०	९७२००।००	४०।००	

नोटः फोहोर पानी प्रशोधन केन्द्र भएको औद्योगिक क्षेत्रहरुमा सोको संचालनका लागि उद्योगले खपत गरेको मासिक पानी महशुल रकममा थप १०%महशुल जोडी वील गरिनेछ ।

ई. पदम ओली
महाप्रबन्धक

ग) शाखा कार्यालयहरु, पोखरा, बुटवल, नेपालगंज, वीरेन्द्रनगर र गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रहरु:

सि.नं.	धाराको साईज (इन्चमा)	न्युनतम उपभोग युनिट	न्युनतम मासिक महशुल रु.	थप खपत महशुल प्रति हजार लिटर	कैफियत
१	१/२"	१०	११०।००	२५।००	
२	३/४"	२७	१४९०।००	४०।००	
३	१"	५६	३४२०।००	४०।००	
४	१ १/२"	१५५	९६००।००	४०।००	
५	२"	३२०	२१,६००।००	४०।००	
६	३"	८८१	४९५००।००	४०।००	
७	४"	१८१०	९७२००।००	४०।००	

घ) शाखा कार्यालय, पाटन औद्योगिक क्षेत्र:

सि.नं.	धाराको साईज (इन्चमा)	न्युनतम उपभोग युनिट	न्युनतम मासिक महशुल रु.	थप खपत महशुल प्रति हजार लिटर	कैफियत
१	१/२"	१०	१००।००	२५।००	
२	३/४"	२७	१६००।००	६५।००	
३	१"	५६	३०००।००	६५।००	
४	१ १/२"	१५५	९०००।००	६५।००	
५	२"	३२०	१९०००।००	६५।००	
६	३"	८८१	५३०००।००	६५।००	
७	४"	१८१०	१०५०००।००	६५।००	

ङ) शाखा कार्यालय, धरान औद्योगिक क्षेत्र:

सि.नं.	धाराको साईज (इन्चमा)	न्युनतम उपभोग युनिट	न्युनतम मासिक महशुल रु.	थप खपत महशुल प्रति हजार लिटर	कैफियत
१	१/२"	१० युनिट सम्म	१३०।००		
		१० युनिट देखि माथि ३० युनिट सम्म		३०।००	
		३० युनिट देखि माथि		४५।००	
२	३/४"	२५	१५००।००	५०।००	
३	१"	५०	३५००।००	५०।००	
४	१ १/२"	१५०	१००००।००	५०।००	
५	२"	३००	२५०००।००	५०।००	
६	३"	९००	५००००।००	५०।००	
७	४"	१८००	९८०००।००	५०।००	

नोटः धरान औद्योगिक क्षेत्रको मासिक पानी महशुल रकममा थप ५% सर्भिस चार्ज जोडी वील गर्नुपर्नेछ।

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
२०४५
काठमाडौं, नेपाल

२) नयाँ धारा जडान शुल्कः

सि.नं.	धाराको साईज (ईन्चमा)	दर रु.	
		न्युनतम (१०० फिट सम्म)	(१०० फिट भन्दा माथि थप प्रति फिट)
१	१/२	१,९८०।००	२२।००
२	३/४	२,४७५।००	२७।००
३	१	३,८५०।००	४०।००
४	१ १/२	५,०००।००	५०।००
५	२	७,०००।००	७०।००
६	३	१०,०००।००	१००।००
७	४	१७,०००।००	१७०।००

३) नयाँ धारा जडान धरौटीः

सि.नं.	धाराको साईज (इन्चमा)	दर रु.
१	१/२	१,६००।००
२	३/४	४,०००।००
३	१	१०,०००।००
४	१ १/२	२५,०००।००
५	२	५०,०००।००
६	३	१,०५,०००।००
७	४	२,००,०००।००

४) अन्य सेवा शुल्कहरुः

सि.नं.	विवरण	दर रु.	
		न्युनतम (१०० फिटसम्म)	१०० फिट भन्दा माथि प्रति फिट
१	पानी चुहावट भई लाईन बन्द गरिएमा पुनः जडान शुल्क	६००।००	
२	लाईन काटी पुनः जडान गर्नु परेमा लाग्ने शुल्क	२,०००।००	
३	होल चेन्ज दस्तुर		
	१/२	२,०००।००	२०।००
	३/४	२,८००।००	२४।००
	१	५,०००।००	४०।००
	१ १/२	६,०००।००	५०।००
	२	१०,०००।००	७०।००

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
काठमाडौं, नेपाल

अनुसूची-६

(विनियम १५ सँग सम्वन्धित)
औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

मिटर निरीक्षण फाराम

१)जडित मिटरको विवरणः

क) मिटरमा चढेको अंकः

ख) मिटरको अवस्थाः

ग) मिटरको सिल नभएको वा बिग्रेकोः

घ) आकारः ....इन्च

च) अन्यः

ङ) सिरियल नं.

मिटर निरीक्षण गर्ने प्राविधिकको दस्तखतः नामः मितिः

शाखा प्रमुखको दस्तखतः नामः मितिः

ई. पदम ओली
महाप्रबन्धक

काठमाडौं, नेपाल

अनूसुची-७

(विनियम १५ सँग सम्वन्धित)

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

मिटर झिकी लगेको सूचना फाराम

श्री ....

शाखा कार्यालय.......... औद्योगिक क्षेत्र

................।

मितिः

विषयः मिटर झिकी लगेको ।

त्यस ....मा जडित पानी मिटर निरीक्षण गर्दा निम्न लिखित अवस्था पाईएकोले त्यसलाई परीक्षण गर्न आवश्यक भएको हुँदा मिटर झिकी क्षेत्र व्यवस्थापन कार्यालयमा लगिएको व्यहोरा जानकारी गराईन्छ ।

<u>अवस्थाः</u>

क) मिटर नघुमेको

ख) मिटर उल्टो घुमेको

ग) मिटर फुटेको

घ) मिटरको सिल नभएको वा बिग्रेको

ङ) अन्य

तल उल्लेखित मिटर परीक्षण गरी आजै जडान गर्न नसिकने अवस्था परेमा अर्को मिटर जडान गरिनेछ ।

जडित साविक मिटरको विवरणः	जडान गरिएको नयाँ मिटरको विवरणः
किसिमः	किसिमः
आकारः............इन्च	आकारः:........ इन्च
निर्माताः	निर्माताः
निर्माण वर्षः	निर्माण वर्षः
सिरियल नं.:	सिरियल नं.:
मिटरमा चढेको अङ्कः	मिटरमा चढेको अंङ्कः
गुणनकारकः	गुणनकारक.

मिटर चेक गर्ने प्राविधिकको दस्तखतः नामः मितिः

शाख प्रमुखको दस्तखतः नामः मितिः

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
काठमाडौं, नेपाल

अनूसुची-८
(विनियम २०सँग सम्वन्धित)

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
पानी छुट तथा खपत विवरण

क.स.	निकाय	औद्योगिक क्षेत्र	मासिक छुट युनिट	कैफियत
१.	औ.क्षे.व्य.लि.का कार्यालय प्रमुख/सहायक निर्देशक/उप निर्देशक/निर्देशक	सबै औद्योगिक क्षेत्र	३०	अतिरिक्त युनिट चार्ज प्रचलित दर बमोजिम गर्ने ।
२.	औ.क्षे.व्य.लि.का अधिकृत वा सहायक स्तरका कर्मचारी	सबै औद्योगिक क्षेत्र	२५	अतिरिक्त युनिट चार्ज प्रचलित दर बमोजिम गर्ने ।
३.	क्षेत्र स्थित उद्योग महासंघ र सो अन्तरगतका उद्योग संघ	सबै औद्योगिक क्षेत्र	३५	अतिरिक्त युनिट चार्ज प्रचलित दर बमोजिम गर्ने ।
४.	कार्यालयको स्वीकृति लिई क्षेत्र भित्रको जमिनमा अवस्थित प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल,नेपाल	सबै औद्योगिक क्षेत्र (औद्योगिक क्षेत्रको सुरक्षामा सहयोग पुर्याएको खण्डमा)	५०	अतिरिक्त युनिट चार्ज प्रचलित दर बमोजिम गर्ने ।
५.	स्वास्थ्य क्लिनिक तथा क्षेत्र स्थित दिवा शिशु स्याहार केन्द्र,	सबै औद्योगिक क्षेत्र	१००	अतिरिक्त युनिट चार्ज प्रचलित दर बमोजिम गर्ने ।
६.	हुलाक	सबै औद्योगिक क्षेत्र	२०	अतिरिक्त युनिट चार्ज प्रचलित दर बमोजिम गर्ने ।
७.	क्षेत्रस्थित कार्यालयको भवनमा संचालित सहुलियतपूर्ण चमेना गृह	सबै औद्योगिक क्षेत्र	२५	अतिरिक्त युनिट चार्ज प्रचलित दर बमोजिम गर्ने ।

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
काठमाडौं, नेपाल

अनुसूची -९
(विनियम १७ सँग सम्वन्धित)
औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
शाखा कार्यालय
...........औद्योगिक क्षेत्र,
पानी खपत/उत्पादन विलको विवरण
आ.व.२०../.....

विल नं. :
विल मितिः
ग्राहकको नामः
हालको खपत अंकः
उपभोग खपत युनिटः
दरः
गुणनकारकः
कुल रकम अंकः
अक्षेरुपीः

आ.व.:
महिनाः
धाराको साईजः
साविक पानी खपत भएको अंकः
विलिङ्ग युनिटः
छुट युनिटः

....
विल गर्नेको सहीः

द्रष्टव्यः

१. प्रत्येक महिना शाखा कार्यालयले तोकेको दिनमा मिटर रिडिङ्ग गरिनेछ ।
२.लगातार ३पटकसम्म मिटर रिडिङ्ग गर्न नपाएमा धाराको लाईन काटिनेछ ।यसकारण पुनः जडान गर्नुपरेमा, अनूसुची ५ को (४) सि.नं. २ मा तोकिए बमोजिम शुल्कको दोब्बर दस्तुर लाग्नेछ।
३. मिटर हराएमा वा कुनै खराबी भएको पाईएमा ग्राहक स्वयं जिम्मेवार हुनेछ ।
४. महशुलको वील समयमै प्राप्त नभएमा कार्यालयमा सम्पर्क राखि वीलको प्रतिलिपी प्राप्त गरी यथा समयमा बुझाउनु पर्नेछ ।
५. शाखा कार्यालयका,पानी शाखाका कर्मचारीहरु जुनसुकै समयमा मिटर जाँच गर्न आउन सक्नेछन् ।
६. धाराको नयां लाईन जडान वापत अनूसुची ५ (३) अनुसार शुल्क लाग्नेछ ।
७. पानी महशुल तिर्दा निम्न बमोजिमको छुट र थप दस्तुर लाग्नेछः
क) मिटर रिडिङ्ग गरेको १५ दिनभित्र महशुल बुझाएमा ४ प्रतिशत छुट दिइनेछ ।
ख) मिटर रिडिङ्ग गरेको १६औं दिनदेखि २२औं दिनसम्म महशुल बुझाएमा विल अनुसार महशुल लाग्नेछ ।
ग) मिटर रिडिङ्ग गरेको २३औं दिनदेखि ३०औं दिनसम्म महशुल बुझाएमा १० प्रतिशत थप दस्तुर लाग्नेछ ।
घ) मिटर रिडिङ्ग गरेको ३१औं दिनदेखि ४०औं दिनसम्म पानी महशुल बुझाएमा १५प्रतिशत थप दस्तुर लाग्नेछ ।
च) मिटर रिडिङ्ग गरेको ४१औं दिनदेखि २५ प्रतिशत थप दस्तुर लाग्नेछ ।
छ) मिटर रिडिङ्ग गरेको ६०औं दिनसम्म पनि पानी महशुल नबुझाएमा बिना सूचना जुनसुकै समयमा पनि पानीको लाईन काटिनेछ ।
ज) जरिवाना अवधि सिमा नाघेपछि कुनै पनि समयमा सूचना दिई वा नदिई धाराको लाईन काट्न सकिनेछ ।

ई. पदम ओली
महाप्रबन्धक

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
काठमाडौं, नेपाल

झ) लाईन काटिसकेपछी पुनः जडान गर्नुपर्दा बक्यौता महशुल तथा त्यसमा नियमानुसार लाग्ने थप दस्तुर र पुनः जडान शुल्क कार्यालयले असुल गरेर लाईन जडान गरिनेछ ।

८. कार्यालयलाई बुझाउनु पर्ने कुनै पनि बाँकी बक्यौता रहेमा त्यस्तो ग्राहकलाई माथि उल्लेखित छुट प्रदान गरिने छैन ।

ई. पदम ओली
महाप्रबन्धक